# मदाने गाउँपालिकाको विनियोजन वविधेयक -२०७५

## मदाने गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**सभाबाट स्वीकृत मितिः २०७५-०३-१३**

**प्रस्तावनाः**मदान गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मदाने गाउँपालिकाको गाउँ सभामा यो विधेयकपेश भएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम " मदाने गाउँपालिकाको विनियोजन विधेयक, २०७५ रहेको छ ।

(२) यो विधेयक सभाबाट पास भई प्रमाणित भए पछि ऐनको रुपमा तुरुन्त लागू हुनेछ ।

**२.आर्थिक वर्ष २०७५।०७६ को निम्ति सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **३६६३०४४३४/-( अक्षेरुपी छत्तिस करोड तिसठ्ठलाख चार हजार चार सय चौतिस रुपैया मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गरिनेछ ।

**३. विनियोजनः** (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त मदाने गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४) उपभोक्त समितिवाट योजना सन्चालन गर्दा १० प्रतिशत जनसहभागिता हुनुपर्ने छ ।

(३) उपदफा (घ) मा जुनसुकै कुरा लेखिएको भएता पनि लक्षित, शैक्षिक, सेवामुलक योजना सन्चालन गर्दा १० प्रतिशत जनसहभागिता नभएपनि योजना तथा कार्यक्रम सन्चालन हुनेछन् ।

(५) प्रत्येक योजना तथा कार्यक्रम वाट ४ प्रतिशत रकम कन्टिजेन्सि वापत कट्टा गरिने छ ।

## अनुसूची (१)

## दफा २ संग सम्बन्धित

## नेपालको संबिधानको धारा २२९ -२) बमोजिम संचितकोषबाट विनियोजन हुने रकम

रु= हजारमा

| क.स. | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँपालिका खर्च | ८०४००००० | ७२१५६००० | १५२५५६००० |
| २ | वडा समिति | ९०००००० | ७३७८४००० | ८२६४८४३४ |
| ३ | विषयगत शाखा | १३१०००००० | | १३१०००००० |
| | जम्मा | | | ३६६२०४४३४ |